आज मिति २०८१ साल असार २३ गते आईतवारका दिन यस मण्डनदेउपुर नगरपालिकाका नगर प्रमुख श्री टोक बहादुर तामाङको अध्यक्षतामा मण्डनदेउपुर नगरपालिका, नगरकार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम १० वमोजिम ४२औं बैठक बसी निम्न पदाधिकारीहरूको उपस्थितिमा देहायवमोजिम निर्णयहरू गरियो ।

उपस्थिति

| क्र.सं. | पद | कार्यालय | नाम, थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | नगर प्रमुख | मण्डनदेउपुर न.पा. | श्री टोकबहादुर तामाङ | | |
| २ | नगर उपप्रमुख | मण्डनदेउपुर न.पा. | श्री विष्णुमणि नेपाल | | |
| ३ | वडा अध्यक्ष | वडा नं. १ | श्री शिवप्रसाद ढकाल | | |
| ४ | वडा अध्यक्ष | वडा नं. २ | श्री राजकुमार मल्ल | | |
| ५ | वडा अध्यक्ष | वडा नं. ३ | श्री पुरूषोत्तम बजगाईं | | |
| ६ | वडा अध्यक्ष | वडा नं. ४ | श्री मैतेसिं तामाङ | | |
| ७ | वडा अध्यक्ष | वडा नं. ५ | श्री हर्कबहादुर लामा | | |
| ८ | वडा अध्यक्ष | वडा नं. ६ | श्री सोमप्रसाद ढकाल | | |
| ९ | वडा अध्यक्ष | वडा नं. ७ | श्री विष्णुप्रसाद पौडेल | | |
| १० | वडा अध्यक्ष | वडा नं. ८ | श्री निरन्जन विष्ट | | |
| ११ | वडा अध्यक्ष | वडा नं. ९ | श्री सिताराम श्रेष्ठ | | |
| १२ | वडा अध्यक्ष | वडा नं. १० | श्री कुमार तामाङ | | |
| १३ | वडा अध्यक्ष | वडा नं. ११ | श्री दिपेन्द्र लामा तामाङ | | |
| १४ | वडा अध्यक्ष | वडा नं. १२ | श्री राजकुमार पराजुली | | |
| १५ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सुनकुमारी तामाङ | | |
| १६ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री रिता रोका | | |
| १७ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री मैयादेवी तिवारी | मैया | |
| १८ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सविना विसुन्खे रस्तेल | | |
| १९ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सावित्री दमाई | सावित्री | |
| २० | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सूर्यबहादुर राई | | |
| २१ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री विकासकुमार राई | | |
| २२ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री भेषबहादुर वि.क. | | |
| २३ | सदस्य सचिव | प्र. प्र. अ. | श्री लक्ष्मी प्रसाद बास्कोटा | | |
| २४ | लेखा अधिकृत | | श्री पुष्पराज बजगाई | | |
| २५ | योजना अधिकृत | | श्री [illegible] | | |
| २६ | प्रा.ले.प. | | श्री चन्द्रमणी पौडेल | | |
| २७. | प्रा.इ. | | श्री सुदर्शन कु. शाह | | |

## २०८१।०३।२३ गतेको नगर कार्यपालिकाको ४२औं बैठकका विषयवस्तुहरू (एजेन्डाहरू)

१. मिति २०८१/०३/९ र १० गतेको कार्यपालिकाको ४० औ र ४१ औं बैठकको निर्णय समीक्षा सम्बन्धमा।
२. बार्षिक नीति तथा कार्यक्रम तर्जुमाका लागि नीति तथा योजना आयोगको बैठक भत्ता सम्बन्धमा।
३. वडा नं. ८ र १२ को वडा कार्यालय निर्माणको लागि जग्गा व्यवस्थापन गर्ने सम्बन्धमा ।
४. ६ नं. वडा कार्यालयको खानेपानी व्यवस्थापनको लागि रु २,००,०००/- रकम व्यवस्थापन गर्ने सम्बन्धमा।
५. जग्गाहरुको न्यूनतम मुल्यांकन मालपोत कार्यालयमा पठाउने सम्बन्धमा।
६. नगरस्तरीय जलस्रोत समितिको निर्णयबाट जारी खानेपानी मुल दर्ताको प्रमाणपत्र अनुमोदन सम्बन्धमा ।
७. जोखिमयुक्त रुखका हाँगाहरु काट्छाट गर्ने सम्बन्धमा।
८. करार तथा दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीको म्याद थप सम्बन्धमा।
९. प्रागारिक मल प्रशोधन केन्द्र निर्माण कार्यदल गठन सम्बन्धमा ।
१०. विभिन्न योजनाहरुको DPR सम्बन्धमा।
११. नगरकोट पर्यटन प्रवर्द्धन पूर्वाधार निर्माण सम्बन्धमा।
१२. स्थानीय स्तरमा उत्पादित मदिरा ब्रान्डिङ्ग गरी बिक्री गर्ने सम्बन्धमा
१३. विभिन्न योजनाहरुको म्याद थप सम्बन्धमा।
१४. नगर स्तरीय अनुगमन समितिको प्रतिवेदन सम्बन्धमा।
१५. मेलमिलापकर्ता सूचिकृत सम्बन्धमा।
१६. दहत्तर बहत्तरको छलफल सम्बन्धमा।
१७. मुद्दाको प्रतिवाद सम्बन्धमा ।
१८. जिल्ला पूर्वाधार आयोजना मार्फत संचालन भएका योजनाहरुको सम्बन्धमा ।
१९. वडा कार्यालयबाट योजना माग गर्दा ८x५ लाख भन्दा कम नवनाउने सम्बन्धमा।
२०. ग्रामिण शैक्षिक सुधार कार्यक्रम सम्बन्धमा ।
२१. एकीकृत नमुना वस्ती निर्माण अनुदान सम्बन्धमा ।
२२. विविध

### निर्णयहरु

**निर्णय नं.१**

नगर कार्यपालिकाको मिति २०८१/०३/९ र १० गते बसेको ४० औं र ४१ औं बैठकले गरेका निर्णयहरुको कार्य प्रगतिको प्रस्तुति तथा छलफल गरी निर्णय कार्यान्वयनको समीक्षा गरियो।

**निर्णय नं.२**

मण्डनदेउपुर नगरपालिकाको आवधिक योजना, मध्यमकालिन खर्च संरचना, बार्षिक नीति तथा कार्यक्रम लगायत नगरपालिकाका विभिन्न नीति, रणनीति तर्जुमा गर्न नगरपालिकामा आमन्त्रण गरी सेवा, सहयोग परामर्श लिनुपर्दा यस नगरपालिकामा गठित नीति तथा योजना आयोगका सदस्यलाई उपस्थितिका आधारमा प्रतिदिन रु १,६००/- अक्षरेपी एक हजार छ सय रुपैयाका द्ररले भत्ता उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ३**

मण्डनदेउपुर नगरपालिकाको ८ र १२ नं. वडा कार्यालय र नयाँगाउँ स्वास्थ्य चौकी भवन निर्माणको लागि जग्गा व्यवस्थापन गर्ने सम्बन्धमा सम्बन्धित वडाको पायक पर्ने स्थानमा वडा कार्यालय निर्माण गर्न प्रचलित कानुन बमोजिम जग्गा प्राप्ति प्रक्रिया अगाडी बढाउनको लागि आवश्यक बजेट व्यवस्थापन गर्ने निर्णय गरियो।

निर्णय नं.४

मण्डनदेउपुर नगरपालिकाको १ र ६ नं. वडा कार्यालयहरुमा खानेपानी व्यवस्थापन र २,४,५,७ र १० को वडा कार्यालयहरुको अत्यावश्यक मर्मत तथा सबै वडा कार्यालयमा व्याकअप उर्जा व्यवस्थापनको लागि प्राविधिक लागत अनुमानको आधारमा आगामी आ.व. २०८१/८२ मा भुक्तानी गर्ने गरी बजेट व्यवस्थापन गर्न नगरसभा समक्ष अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं.५

मालपोत कार्यालय काभ्रेपलाञ्चोकको च.नं. ४४३२ मिति २०८१/०२/२० गतेको पत्राबाट अनुरोध भई आए अनुसार जग्गाको न्यूनतम मुल्यांकन साविक बमोजिम नै हुने गरी मालपोत कार्यालयमा लेखी पठाउने निर्णय गरियो।

निर्णय नं. ६

नगरस्तरीय जलस्रोत समितिको निर्णयबाट जारी देहाय बमोजिम खानेपानी मुल दर्ताको प्रमाणपत्र अनुमोदन गर्ने निर्णय गरियो।

क. श्री भतेरे चौर तपेश्वर लिफ्टिङ खानेपानी निर्माण उपभोक्ता समिति
ख. श्री कालिका स्थान खानेपानी उपभोक्ता समिति
ग. श्री ब्रम्हायणी मा.वि खानेपानी उपभोक्ता समिति
घ. श्री मसार गैराथोक खानेपानी उपभोक्ता समिति
ङ. श्री गिधरे खानेपानी उपभोक्ता समिति

निर्णय नं. ७

क. वडा नं. २ को सिफारिस बमोजिमको वडा नं. २ तिमल्सिना टोल स्थित जीर्ण रुपमां रहेको पिपलको बोटका जोखिमयुक्त हाँगाहरु काट्छाट गर्न सम्बन्धित वडा कार्यालयलाई अनुमति दिने निर्णय गरियो।
ख. वडा नं. ८ भञ्ज्याङटोलका स्थानीय समुदायको अनुरोध र ८ नं. वडा कार्यालको सिफारिस बमोजिम भञ्ज्याङ टोलमा स्वामीको रुखका हाँगाहरु जोखिमयुक्त रहेकोले जोखिमयुक्त हाँगाहरु काट्छाट गर्न सम्बन्धित वडा कार्यालयलाई अनुमति दिने निर्णय गरियो।
ग. अन्य वडाहरुमा जोखिमयुक्त रुखका हाँगाहरु काट्छाट गर्न अत्यावश्यक भएमा वडा समितिको निर्णय र वडा कार्यालयको सिफारिसका आधारमा नगरकार्यपालिकाको कार्यालयबाट प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

निर्णय नं. ८

मण्डनदेउपुर नगरपालिका र अन्तर्गतका कार्यालयहरुमा करार तथा दैनिक ज्यालादारीमा कार्यरत कर्मचारी र नगर सुरक्षा गार्डको म्याद थप गर्ने सम्बन्धमा हालको दरबन्दी तेरिज, कार्यालयको कार्यबोझ, नगरपालिकाको आर्थिक क्षमता, गुणस्तरीय, प्रभावकारी सेवा प्रवाह सुनिश्चितता समेतको विश्लेषण र हाल कार्यरत सबै कार्यक्षेत्र भित्र रहेका घटी वा बढी कार्यालय र कर्मचारी सहितको किटानी राय पेश गर्नु पर्ने गरी पाँच दिनभित्रमा कर्मचारी म्याद थप सम्बन्धी आवश्यक सिफारिस गर्न नगर उप-प्रमुख श्री विष्णुमणी नेपालको संयोजकत्वमा देहाय बमोजिम एक सिफारिस समिति गठन गर्ने निर्णय गरियो।

तपसिल

क. संयोजक- श्री विष्णुमणी  नेपाल, नगर उप-प्रमुख

ख. सदस्य- श्री मैंते सिं तामाङ, ४ नं. वडा अध्यक्ष

ग. सदस्य- श्री निरञ्जन विष्ट, ८ नं. वडा अध्यक्ष

निर्णय नं. ९

मण्डनदेउपुर नगरपालिका वडा नं. ७ र ९ को सिमाक्षेत्र सोतेमा निर्माण प्रक्रिया अगाडी वढाइएको प्राङगारिक मल प्रशोधन केन्द्र निर्माणका लागि प्रभावित क्षेत्रका बासिन्दाहरुसंग सहजीकरण तथा समन्वय गर्न तथा बैकल्पिक निर्माण स्थल आवश्यक देखिएमा सो समेत सिफारिस गर्न नगर उप-प्रमुख श्री विष्णुमणी नेपालको संयोजकत्वमा देहाय बमोजिम एक कार्यदल गठन गर्ने र कार्यदललाई तीस दिनभित्र प्रतिवेदन पेश गर्ने गरी कार्यदेश प्रदान गर्ने साथै प्रास बजेट र सूचना ठेक्का समेतलाई बाधा नपर्ने गरी कार्यदललाई सम्पूर्ण अधिकार प्रदान गर्ने निर्णय गरियो।

क. संयोजक- श्री विष्णुमणी नेपाल, नगर उप-प्रमुख

ख. सदस्य- श्री सोम प्रसाद ढकाल, ६ नं. वडा अध्यक्ष

ग. सदस्य- श्री विष्णुप्रसाद पौडेल, ७ नं. वडा अध्यक्ष

घ. सदस्य- श्री निरञ्जन विष्ट, ८ नं. वडा अध्यक्ष

ङ. सदस्य- श्री सिताराम श्रेष्ठ, ९ नं. वडा अध्यक्ष

निर्णय नं. १०

नगरपालिका क्षेत्रभित्र संचालन गरिने विभिन्न तपसिल बमोजिमका योजनाहरुको DPR (Detail Project Report) का लागि रकम व्यवस्थापन गर्ने निर्णय गरियो।

तपसिल

क. नगरकोट-भंगेरी-रोहिणी भञ्याङ ठुलोचौर सडक

ख. कार्तिके ढाँडागाउ गैह्रीगाउँ वडा कार्यालय सडक

ग. नयाँगाउँ ट्याकीडाँडा पाँचखाल १ अनेकोट घुमाउनेचौर सडक

घ. बैकल्पिक सडक - ढोडिनि - मुलाचौर - मुलाबारि - छिनेकोपैरो सडक मण्डनदेउपुर – ८

निर्णय नं. ११

नगरकोट क्षेत्रको वृहत पर्यटन प्रवर्द्धन गर्नका लागि छिमेकी पालिकासंग साझेदारी र समन्वय गरी नगरकोट क्षेत्रमा पर्यटन प्रवर्द्धन पूर्वाधार निर्माण गर्न आवश्यक रकम रु १,००,००,०००/- अक्षरेपी रु एक करोड व्यवस्थापन गर्न नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो।

निर्णय नं. १२

स्थानीय स्तरमा उत्पादित मदिरा ब्रान्डिङ्ग गरी विक्री गर्न आवश्यक नीतिगत तथा कानूनी व्यवस्थाका लागि प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

निर्णय नं. १३

तपसिल बमोजिमका योजनाहरुको मिति २०८१ भाद्र मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

क. ईन्टेरियर वर्क एण्ड कार्पेट पर्दा अफ मुनिसिपल अफिस बिल्डिङ

ख. नगरपालिका सभाहल निर्माण( ईन्टेरियर डिजाईन)
ग. कुन्ता नयाँगाउ सडक मर्मत सडक बोर्ड साझेदारी

निर्णय नं. १४
मण्डनदेउपुर नगरपालिकाको नीति तथा कार्यक्रम र बजेटबाट विनियोजित विभिन्न योजना तथा कार्यक्रमहरु नगर स्तरीय अनुगमन समितिबाट अनुगमन भई नगरकार्यपालिका समक्ष पेश भएको प्रतिवेदन उपर छलफल गरियो। प्रतिवेदन मार्फत पेश भएका ८५ वटा योजना तथा कार्यक्रमहरु (प्रधानमन्त्री रोजगार कार्यक्रम समेत)को भुक्तानी अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. १५
मण्डनदेउपुर नगरपालिकाको न्यायिक समितिबाट बैठकमा पेश भएको मेलमिलापकर्ता सूचि अनुमोदन गर्दै मेलमिलापकर्ता सूचिकृत गर्न नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो।

निर्णय नं. १६
मण्डनदेउपुर नगरपालिकाले ईन्द्रावती नदी, चाखोला आसीखोला र ढाँडखोला थारखोला नदीको मिति २०८१/०२/०६ गते दहत्तर बहत्तर (ढुङ्गा, गिट्टी, वालुवा) बागमती प्रदेश आर्थिक ऐन, २०८० बमोजिम प्रति घनफिट ९ रुपैया ठेक्का सूचना प्रकाशन भई ईन्द्रावती नदिको दहत्तर बहत्तर ढुङ्गा, गिट्टी, वालुवा) संकलनका लागि मुल्याँकन भई आसयको सूचना समेत जारी भईसकेको संघ तथा प्रदेश सरकारले आ.व.२०८१/०८२ दहत्तर बहत्तर (ढुङ्गा, गिट्टी, वालुवा)को दरमा कुनै फेरवदल भएमा सम्झौता गरिएको दररेट उपर माथिल्लो सरकारको दररेटमा पुन संशोधन गरी सोही ठेक्का वाला मार्फत नै हाललाई पुरानै सूचनाको आधारमा सम्झौता प्रक्रियालाई २०८१/०४/०१ गते देखि लागु हुने गरी अगाडि बढाउने निर्णय गरियो।

निर्णय नं. १७
मण्डनदेउपुर नगरपालिका नगरकार्यपालिका अन्तर्गतका कार्यालयहरु विरुद्धमा अदालतहरु, न्यायिक तथा अर्धन्यायिक निकायमा परेका रिट, निवेदन तथा उजुरीहरु सम्बन्धमा लिखित जवाफ लगायत अन्य न्याय सम्पादनसंग सम्बन्धित सम्पूर्ण कार्य गर्नका लागि यस मण्डनदेउपुर नगरपालिकामा कार्यरत कानूनी सहजकर्ता श्री परमात्माराम पराजुलीलाई अख्तियारी दिने निर्णय गरियो।

निर्णय नं. १८
भौतिक पूर्वाधार विकास कार्यालय, धुलिखेल काभ्रेपलाञ्चोकबाट मण्डनदेउपुर नगरपालिकामा संचालित विभिन्न योजनाहरुको कामको गुणस्तर नभएको तथा कार्य सम्पन्न समेत नभएको भनी जनगुनासो प्राप्त भएको हुदाँ त्यस्ता योजनाहरुको सम्बन्धमा भौतिक पूर्वाधार विकास कार्यालय, धुलिखेल काभ्रेपलाञ्चोकमा योजनाहरुको नाम सहित पत्राचार गरी पठाउने निर्णय गरियो।

निर्णय नं. १९
वडा समितिलाई तोकिएको बजेट वडाबाट विभिन्न योजनामा विनियोजन गर्दा पाँच लाख वा सो भन्दा बढी रकम लाग्ने योजना तथा कार्यक्रममा मात्र बजेट विनियोजन गरी वडा समितिबाट निर्णय सहित मिति २०८१/०३/२५ गते भित्र नगरपालिकामा वुझाउनु पर्ने निर्णय गरियो ।

निर्णय नं. २०
मण्डनदेउपुर नगरपालिकामा ग्रामिण शैक्षिक सुधार कार्यक्रम संचालनका लागि रकम रु पाँच लाख व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. २१
मण्डनदेउपुर नगरपालिका वडा नं. १० मा रहेको एकीकृत नमुना वस्ती निर्माण कार्य अधुरो रहेकोले उक्त बस्तीको अधुरो कार्यहरु पुरा गर्न प्राविधिक लागत अनुमान बमोजिमको रकम व्यवस्थापन गर्न नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २२ विविध
मण्डनदेउपुर नगरपालिका क्षेत्रभित्र कवाडी कर संकलनका लागि न्यूनतम अंक २५,००,०००/- पच्चिस लाख रुपैयाँ कायम गरी ठेक्का प्रक्रिया अगाडि वढाउने निर्णय गरियो ।